# गाउँपालिका राष्ट्रिय महासंघ नेपाल

कमलादी, काठमाडौं

गाउँपालिकाहरुका असल अभ्यासहरुको संगालो

# स्थानीय सरकारका - ३ वर्ष

## विशेषांक

संकलक/प्रकाशक

**गाउँपालिका राष्ट्रिय महासंघ नेपाल**

Scanned with CamScanner

## शिवपुरी गाउँपालिका, नुवाकोट

# आधुनिक भवनबाट एकिकृत सेवा सुरु



सामान्य घर भाडामा लिएर सेवा सुरु गरेको शिवपुरी गाउँपालिकाले आफ्नो तीन वर्षे कार्यकालमा सुविधासम्पन्न भवनबाट सेवा दिन सुरु गरेको छ। सिंहदरवारकै झल्को दिने यस भवनमा २८ ओटा कोठाहरू छन्, जहाँ सबै शाखा तथा एकाईहरू सजिलै अटाएका छन्।

करिब ४ करोडको लागतमा निर्माण भएको यो भवनको निर्माण अवधि २ वर्षको भएता पनि १६ महिनामा नै सम्पन्न गरी हस्तान्तरण गरेको छ। तोकिएको अवधि अगावै निर्माण सम्पन्न गरेकामा सम्बन्धीत निर्माण व्यवसायीले करिब २४ लाख बोनस पाउने भएको छ। सुरुमा केही समय जग्गा व्यवस्थापन गर्न समय लाग्यो। जग्गादाताहरूबाट करिब साढे चार लाख पर्ने जग्गा निशुल्क रूपमा प्राप्त भएपछि भवन निर्माण प्रकृया सुरु गरेको थियो।

१२ ओटा स्थानीय तह रहेको नुवाकोटमा यो नै पहिलो सुविधा सम्पन्न प्रशासकीय भवन भएको अध्यक्ष रामकृष्ण थापाको दावी रहेको छ। ८ ओटा वडा रहेको यस गाउँपालिकामा २ ओटा वडा कार्यालय भवन निर्माण भैसकेको छ भने ३ वटा निर्माणाधिन छन् र २ वटा यसै आ.व.मा निर्माण गरिसक्ने योजना रहेको छ। गाउँपालिकाको मुख्य प्रशासकीय भवनसँगै प्राथमिक स्वास्थ्य केन्द्रको पनि बेग्लै सुविधासम्पन्न भवन निर्माण हुँदैछ।

स्थानीय सरकारले प्रभावकारी सेवा प्रवाह गर्न उचित भौतिक पूर्वाधार र वातावरण हुनु पर्दछ। शिवपुरीले छोटो अवधिमा अत्याधुनिक सुविधा सम्पन्न यो भवनको निर्माण अन्य गाउँपालिकाहरूको लागि पनि अनुकरणीय हुन सक्दछ।

## चुरे गाउँपालिका, कैलाली

# चुरेको प्रशासनिक भवन उत्कृष्ट



चुरे गाउँपालिकाले आफ्नै प्रशासनिक भवनबाट सेवा दिन सुरु गरेको छ। ४५ कोठे आधुनिकसुविधा सहितको यो भवन अपाङ्गमैत्री रहेको छ। २०७५ भदौमा ठेक्का सम्झौता भई निर्माण थालेकोमा तोकिएको समयावधिभन्दा एक महिना अघि नै निर्माण सम्पन्न गरी हस्तान्तरण भएको थियो।

भवन निर्माणका लागि गाउँपालिकाबाट ४ करोड १७ लाख र जिल्ला समन्वय समिति कैलालीबाट १ करोड विनियोजन भएको थियो। सभाहल, बैठक कक्षहरू र गाउँपालिकाका जनप्रतिनिधि र सबै शाखाहरूलाई आवश्यक पर्ने न्यूनतम कोठाहरू सहित डिजाइन गरिएको यो भवन सुदुरपश्चिम प्रदेशका गाउँपालिकामा बनेका प्रशासकीय भवनहरू मध्ये उत्कृष्ट रहेको चुरे गाउँपालिकाले दावी गरेको छ।

'हामी निर्वाचित भएर आउने वितिक्कै प्रशासनिक भवन निर्माण प्रकृया थालनी गरेका थियौं।' गाउँपालिकाका अध्यक्ष धनबहादुर रोकामगरले भन्नुभयो 'निर्माण व्यवसायीको इमान्दारिता, प्राविधिकको लगनशिलता र जनप्रतिनिधिको निगरानीले समयभन्दा अगावै भवन निर्माण सम्भव भयो।' यसै गरी वडा नं. ६ मा १ करोड ६० लाखको लागतमा वडा कार्यालयको भवन निर्माण सम्पन्न भएको छ भने चालू आवमा वडा नं १ र ५ मा वडा कार्यालय निर्माण सम्पन्न हुँदैछ।



Scanned with CamScanner